नमुना २

## स्थानीय तहको सरकारबाट सम्पादन हुने एफ.एम. रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०७५

**प्रस्तावनाः** नेपालको संविधान, २०७२ को अनुसूची - ८ मा स्थानीय तहको अधिकारको सूचीमा स्थानीय तहले एफ.एम. संचालन गर्ने विषय समेत रहेकोले स्थानीय तहले सूचना तथा संचारसँग सम्बन्धित राष्ट्रिय प्रसारण ऐन, २०४९, राष्ट्रिय प्रसारण नियमावली, २०५२, रेडियो ऐन, २०१४, रेडियो संचार (लाइसेन्स) नियमावली, २०५२ संशोधन सहितका ऐन/नियमहरुको यथावत वा आ-आफ्नो सभावाट परिमार्जन पारित गराई परिपालना गर्ने गरी एफ.एम. रेडियो सञ्चालनको लागि इजाजत, नवीकरण र नियमन गर्ने सम्बन्धमा कार्यविधि तयार गर्न वाञ्छनीय भएकोले, ............... गाउँसभा/नगरसभाले नेपालको संविधानको धारा २२६ (१) बमोजिम यो कार्यविधि बनाई लागू गरेको छ ।

### १. संक्षिप्त नाम र प्रारम्भः

(क) यस कार्यविधिको नाम "**एफ.एम रेडियो (व्यवस्थापन तथा संचालन) कार्यविधि, २०७५**" रहेको छ ।

(ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "प्रमुख/अध्यक्ष" भन्नाले क्रमशः नगर/गाउं कार्यपालिकाको प्रमुख/अध्यक्ष सम्झनुपर्छ ।

(ख) "उपप्रमुख/उपाध्यक्ष" भन्नाले नगर कार्यपालिकाको उपप्रमुख/उपाध्यक्ष सम्झनुपर्छ ।

(ग) "कार्यपालिका" भन्नाले नगर कार्यपालिका/गाउँ कार्यपालिका सम्झनुपर्छ ।

(घ) "कार्यकारी अधिकृत" भन्नाले नगरपालिका/गाउँ कार्यपालिकाको कार्यकारी अधिकृत सम्झनुपर्छ ।

(ङ) "नगरपालिका" भन्नाले ..................... नगरपालिका,उपमहानगरपालिका र महानगरपालिका समेत सम्झनु पर्छ ।

(च) "गाउँपालिका" भन्नाले ..................गाउँपालिका सम्झनु पर्छ ।

(छ) "मन्त्रालय" भन्नाले संचार तथा सूचना प्रविधि मन्त्रालय वा सो कामको लागि तोकिएको संघको मन्त्रालयलाई सम्झनु पर्छ ।

(ज) "बिषयगत शाखा" भन्नाले .................नगर कार्यपालिका/गाउँ कार्यपालिका अन्तर्गतको बिषयगत शाखा, उपशाखा, कार्यालय वा इकाईलाई सम्झनुपर्छ ।

(झ) "वडा सचिव" भन्नाले नगरपालिका गाउँपालिकाको वडा कार्यालयको प्रशासकीय प्रमुखको रुपमा कामकाज गर्न तोकिएको वडासचिव सम्झनुपर्छ ।

(ञ) "वडा समिति" भन्नाले नगरपालिका/गाउँ कार्यपालिकाको वडा समिति सम्झनु पर्छ ।

(ट) "सदस्य" भन्नाले नगर कार्यपालिका वा गाउँपालिकाको सदस्य सम्झनु पर्छ । सो शब्दले नगर कार्यपालिका/गाउँपालिकाको प्रमुख/अध्यक्ष, उपप्रमुख/उपाध्यक्ष र वडा अध्यक्ष समेतलाई जनाउने छ ।

(ठ) "स्याटेलाईट रिसिभिंग सिष्टम" भन्नाले अधिकांश भाग पृथ्वीको वायुमण्डल बाहिर रहने वा रहेको एक वा एक भन्दा बढी भू--उपग्रहहरु वा अन्तरिक्ष स्टेशनबाट प्राप्त गर्ने डिस एण्टेना लगायतका संचार प्रणाली सम्झनु पर्दछ ।

(ड) "रेडियो यन्त्र" भन्नाले लगातार तारको कनेक्शन विना रेडियो तरंगद्धारा शब्द, चित्र वा संकेत प्राप्त गर्ने वा पठाउने कामको निम्ति प्रयोग गरिने देहायको यन्त्रहरु सम्झनुपर्छः

- डिस एण्टेना लगायत सबै प्रकारको स्याटलाइट रिसिभिंग सिष्टमहरु,
- रेडियो ट्रान्समिटर

### ३. प्रसारण सम्बन्धी कार्यक्रमको रेखदेख र सञ्चालनः

(क) गाउँपालिका/नगरपालिकाभित्र १०० वाट सम्मको एफ एम रेडियोको प्रसारण सम्बन्धी कार्यक्रमको रेखदेख र सञ्चालनको नीति निर्माण गर्ने अधिकार गाउँ कार्यपालिका/नगरकार्यपालिकालाई हुनेछ ।

(ख) यो कार्यविधि लागु हुनुपूर्व प्रचलित कानून बमोजिम इजाजतपत्र लिई सञ्चालन भैरहेका एफएम रेडियोहरुको प्रसारण सम्बन्धी कार्यक्रमको रेखदेख र सञ्चालन कार्य समेत गाउँपालिका/नगरपालिकाको हुनेछ ।

**४. इजाजतपत्र नलिई प्रसारण गर्न नहुने:**

(क) कसैले यस कार्यविधि बमोजिम इजाजतपत्र नलिई यस गाउँपालिका/नगरपालिका क्षेत्रभित्र एफएम सञ्चालन गर्न पाउने छैन ।

(ख) कसैले खण्ड (क) विपरित काम गरेमा दफा २३ बमोजिम जरिवाना गरिनेछ ।

(ग) यस दफामा जुनसुकै कुरा लेखिएको भएता पनि यो कार्यविधि आउनु भन्दा अगावै प्रचलित नेपाल कानून बमोजिम दर्ता भै सञ्चालन भैरहेका १०० वाटसम्म क्षमता भएका एफएम रेडियोहरुको हकमा नयाँ इजाजतपत्र लिइरहनु पर्ने छैन ।

**५. इजाजतपत्रको लागि निवेदन दिनु पर्ने:**

(क) एफ.एम. रेडियो सञ्चालन इजाजतपत्र लिन चाहने व्यक्ति वा संगठित संस्थाले अनुसूची–१ बमोजिमको ढाँचामा सम्वन्धित स्थानीय तहमा समक्ष निवेदन दिनुपर्नेछ ।

(ख) खण्ड (क) बमोजिम दिइने ईजाजतपत्र अनुसूची - २ को ढाँचामा स्थानीय तहले उपलब्ध गराउनु पर्नेछ ।

**६. निवेदनसाथ संलग्न गर्नुपर्ने:** दफा ५ बमोजिम दिइने निवेदन साथ देहायको कागजात संलग्न गर्नुपर्नेछः

(क) सम्बन्धित विषयमा अनुभवी तथा ख्याति प्राप्त व्यक्ति वा मान्यता प्राप्त अनुसन्धानात्मक संस्थाबाट आफूले इजाजतपत्र लिन खोजेको विषयको आर्थिक, प्राविधिक तथा व्यवसायिक पक्षमा विस्तृत अध्ययन गर्न लगाई तयार गरेको प्रतिवेदन ।

(ख) प्रसारण संस्था दर्ताको प्रमाणपत्र, सम्बन्धित विधान तथा सञ्चालकहरूको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ग) निवेदन दस्तुर .................सभाले (तोके अनुरुपको रकम) बुझाएको नगदी रसिद वा तोकिएको राजश्व खातामा जम्मा गरेको दोस्रो प्रति भौचरको साथै प्रसारण केन्द्र रहने ठाउँको विवरण ।

(घ) एफ रेडियो दर्ता र नवीकरणको लागि अनुसूची - १ र नवीकरणको लागि अनुसूची - २ बमोजिमका कागजातहरु अनिवार्य समाबेश गर्नुपर्ने छ ।

**७. इजाजतपत्र दिन सकिने:**

(क) गाउँपालिका/नगरपालिकाले दफा ५ बमोजिम प्राप्त निवेदन र संलग्न कागजात साथै राखी फ्रिक्वेन्सी उपलब्ध हुने नहुने सम्बन्धमा नेपाल सरकारको विषयगत मन्त्रालयमा लेखी पठाउनु पर्नेछ ।

(ख) खण्ड (क) बमोजिम लेखि पठाएको विषयमा नेपाल सरकारको सम्बन्धित मन्त्रालयबाट फ्रिक्वेन्सी उपलब्ध गराउन सकिने व्यहोरा लेखि आएमा गाउँपालिका/नगरपालिकाले निवेदकलाई इजाजतपत्र उपलब्ध गराउनेछ ।

(ग) खण्ड (ख) बमोजिम इजाजतपत्र दिनुपूर्व गाउँपालिका/नगरपालिकाले रेडियो उपकरणहरु (एफ. एम. ट्रान्समिटर, एस.टी.एल.लिंक र बि.बि.सि.रिसिभर) को इजाजत र नियमनको व्यवस्था मिलाउनु पर्नेछ ।

(घ) रेडियो उपकरणहरु (एफ. एम. ट्रान्समिटर, एस.टी.एल. लिंक र बि.बि.सि.रिसिभर) को इजाजतपत्र लिनको लागि अनुसूची - ६, ७, र ८ बमोजिमका कागजातहरु अनिवार्य समाबेश गर्नुपर्ने छ ।

(ङ) इजाजतपत्रको अवधि एक आर्थिक वर्षको हुनेछ ।

**८. इजाजतपत्रको अवधि र नवीकरण दस्तुरः**

(क) एफ.एम रेडियोको इजाजतपत्र प्रत्येक आर्थिक वर्षमा नवीकरण गर्नु पर्नेछ ।

(ख) इजाजतपत्र नवीकरण गराउन चाहने संस्था वा व्यक्तिले इजाजतपत्र बहाल रहने अवधि भुक्तान नहुँदै ...... सभाले तोके अनुसारको बुझाउनु पर्ने अघिल्लो आर्थिक बर्षको शुल्क बुझाएको प्रमाण संलग्न गरी इजाजतपत्र नवीकरणको लागि अनुसूची - ३ बमोजिमको ढाँचामा सम्बन्धित शाखामा निवेदन दिनु पर्नेछ ।

(ग) खण्ड (ख) बमोजिम इजाजतपत्र नवीकरणको लागि कुनै निवेदन पर्न आएमा गाउपालिका/नगरपालिका ले इजाजतपत्र दिंदा लाग्ने दस्तुरको .... सभाले तोके बमोजिम शुल्क लिई त्यस्तो इजाजतपत्र नवीकरण गरी दिन सक्नेछ ।

(घ) खण्ड (ख) बमोजिमको म्याद भुक्तान भएपछि ६ महिनासम्म इजाजतपत्र नवीकरण गर्न आएमा ........सभाले तोके बमोजिम जरिवाना र विलम्व दस्तुर (पहिलो एक महिनासम्मको लागि दश प्रतिशत,दोस्रो एक महिनासम्म बीस प्रतिशत,तेस्रो एक महिनासम्म तीस प्रतिशत,चौथो एक महिनासम्म चालीस प्रतिशत,पाँचौ एक महिनासम्म पचास प्रतिशत र छैठौ एक महिनासम्म सत प्रतिशत) समेत लिई इजाजतपत्र नवीकरण गरी दिन सक्नेछ । म्याद भुक्तान भएको ६ महिनासम्म पनि इजाजतपत्र नवीकरण नगराएमा त्यस्तो इजाजतपत्र स्वतः रद्द हुनेछ ।

**९. राजस्व बाँडफाँडको संरचनाः**

(क) १०० (एक सय) वाट सम्मको रेडियोको फ्रिक्वेन्सी दस्तुर केन्द्रीय सरकार (संघ) को राजश्व हुनेछ ।

(ख) एफ.एम. रेडियो यन्त्र उपकरण दस्तुर, प्रसारण तथा नवीकरण शुल्क वापत प्राप्त हुने राजश्व स्थानीय सरकारको हुनेछ ।

**१०. स्थानीय तह (सरकार) मा राजश्व (दस्तुर, शुल्क) तिर्नु पर्ने सम्बन्धी व्यवस्थाः**

(क) एफ.एम रेडियो सञ्चालन गर्ने संस्था वा व्यक्तिले स्थानीय तहको ........सभाले तोके बमोजिम शुल्क तिर्नु पर्नेछ ।

(ख) खण्ड (क) बमोजिम शुल्क बुझाउँदा सम्बन्धित संस्था वा व्यक्तिले अघिल्लो आर्थिक वर्षको लेखापरीक्षण सम्पन्न गराई सोको प्रतिवेदन समेत पौष मसान्तभित्र पेश गर्नु पर्नेछ ।

(ग) खण्ड (ख) बमोजिम शुल्क नबुझाउने सम्बन्धित संस्था वा व्यक्तिको हकमा प्रतिमहिना १०% का दरले थप जरिवाना बुझाउनुपर्नेछ ।

(घ) खण्ड (क) बमोजिम शुल्क नबुझाउने वा खण्ड (ख) बमोजिम लेखापरीक्षणको प्रतिवेदन पेश नगर्ने संस्था वा व्यक्तिका सम्बन्धमा ......... पालिकाले देहाय बमोजिम गर्न सक्नेछः–

(अ) विज्ञापनमा रोक लगाउन,

(आ) सञ्चार सामग्री एवं सोसँग सम्बन्धित कच्चा पदार्थको पैठारीमा रोक लगाउन,

(इ) त्यस्तो संस्था वा व्यक्तिको प्रेस प्रतिनिधि प्रमाणपत्र रद्द गर्ने ।

**११. प्रसारणमा रोक लगाउन सकिनेः** गाउँपालिका/नगरपालिकाले कुनै एफएम रेडियो प्रसारण स्थलको निरीक्षण गर्दा वा त्यस्तो एफएम रेडियोको कुनै प्रसारण सम्बन्धमा परेको उजुरीको छानबीन गर्दा देहाय बमोजिम भएको देखिएमा बढीमा ३ महिनाको लागि त्यस्तो एफएम रेडियोको कुनै कार्यक्रम वा सम्पूर्ण कार्यक्रमको प्रसारणमा रोक लगाउन सक्नेछः

क) निरीक्षण तथा छानवीन गर्दा शर्त बमोजिम कार्यक्रम प्रसारण गरेको र त्यसरी मौका दिंदा पनि शर्त बमोजिम काम नगरेको भन्ने पुनः गरिएको निरीक्षण तथा छानवीनबाट देखिएमा,

ख) समितिले कसैले कार्यविधि बमोजिम इजाजतपत्र नलिई अनधिकृत रूपमा कुनै कार्यक्रम प्रसारण गरेको देखिएमा त्यस्तो एफ.एम रेडियो तत्काल बन्द गर्ने निर्देशन दिन सक्नेछ । तर यसरी रेडियो बन्द गर्नु अगाडि सफाईको उचित मौका दिनु पर्नेछ ।

**१२. इजाजतपत्र रद्द गर्न सकिनेः** तोकिएको शर्त र समयावधिभित्र प्रसारण प्रारम्भ नगर्ने व्यक्ति वा संस्थाको इजाजतपत्र स्वतः रद्द हुनेछ ।

**१३. एफ.एम रेडियो समन्वय तथा अनुगमन समितिः** (१) प्रत्येक स्थानीय तहमा निम्नानुसारका एक एफ.एम. रेडियो समन्वय तथा अनुगमन समिति रहने छः

(क) गाँउपालिका तथा नगरपालिकाको अध्यक्ष तथा प्रमुख – संयोजक

(ख) सम्वन्धित गाउँपालिका तथा नगरपालिकाको कार्यकारी अधिकृत – सदस्य

(ग) कार्यपालिकाको सदस्यहरु मध्येवाट कार्यपालिकाले छनौट गरेका १ जना महिला सहित २ जना –सदस्य

(घ) सम्वन्धित विषयगत शाखाको शाखा प्रमूख – सदस्य सचिव

**१४. एफ.एम रेडियो समन्वय तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकारः** एफएम रेडियो समन्वय तथा अनुगमन समितिलाई देहाय बमोजिमको काम, कर्तव्य र अधिकार हुनेछः

(क) स्थानीय तहमा दर्ता हुन आएका १०० वाट क्षमतासम्मको एफ.एम. रेडियोको दर्ता सम्वन्धमा आवश्यक निर्णय गर्ने ।

(ख) स्थानीय तहमा सञ्चालित एफ.एम. रेडियोहरुले तोकिएको शर्त अनुरुप कार्य गरे/नगरेको अनुगमन गर्ने व्यवस्था मिलाउने ।

(ग) स्थानीय तहमा एफ.एम रेडियो सञ्चालनको लागि आवश्यक समन्वय तथा सोको अनुगमन गर्ने ।

(घ) आवश्यक देखेको अन्य कार्यहरु गर्ने ।

१५. एफ.एम रेडियो समन्वय तथा अनुगमन समितिको बैठक र कार्यप्रक्रियाः

(ख) एफएम रेडियो समन्वय तथा अनुगमन समितिको बैठक कम्तिमा त्रैमासिक रुपमा बस्नेछ ।

(ग) समितिको बैठक भत्ता सभाबाट तोकिए बमोजिम हुनेछ ।

**१६. एफ.एम रेडियोले पालना गनुपर्ने शर्तहरुः** यस कार्याविधि बमोजिम दर्ता भै सञ्चालनमा रहेका एफ एम रेडियोहरुले कार्यक्रम प्रसारण गर्दा देहाय बमोजिमको शर्तहरुको अधीनमा रही कार्यक्रम प्रसारण गर्नुपर्नेछः

क) एफ .एम रेडियोले प्रशारण गर्ने समाचार कुनै दल विशेषको नभई स्वतन्त्र, तटस्थ तथा सत्य समाचारको रुपमा कार्यक्रम प्रशारण गर्नुपर्नेछ ।

ख) लोक कल्याणकारी समाचारहरुको प्रशारणमा ध्यानदिनु पर्नेछ ।

ग) समाचार प्रवाहमा देशको राष्ट्रियता, सार्वभौमसत्ता, अखण्डता तथा वातावरणमा कुनै पनि किसिमले असर नपर्ने गरी प्रशारण गर्नुपर्नेछ ।

घ) सेवा लिन ईच्छुक सेवाग्राहीलाई विना पूर्वाग्रह सेवा उपलव्ध गराउनु पर्नेछ । साथै सेवा सुविधा तोक्दा प्रचलित बजार दरभन्दा बढी लिन पाइने छैन ।

ङ) कार्यालय समय अघिपछि र बिदाको दिनमा पनि सेवाग्राहीको आवश्यकता बमोजिम सेवा प्रवाह गर्ने व्यवस्थाको सुनिश्चतता गर्नु पर्नेछ ।

च) यो कार्यविधि लागू हुनु पूर्व संचार तथा सूचना प्रविधि मन्त्रालयबाट राष्ट्रिय प्रशारण ऐन, २०४९ र राष्ट्रिय प्रशारण नियमावली, २०५२ बमोजिम जारी गरेका १०० वाट सम्मका एफ. एम. को ईजाजतपत्रहरु यसै कार्यविधि बमोजिम जारी भएको मानिनेछ ।

छ) आपत्कालीन वा विपद्को समयमा ......... कार्यपालिकाबाट निर्देशन भएका सरकारी सूचनाहरू निःशुल्क प्रसारण गर्नु पर्नेछ ।

ज) युद्व वा संकटकालीन समय आई परेमा ........ कार्यपालिकाले कुनै खास कार्यक्रमहरू मात्र प्रसारण गर्ने गरी निर्देशन दिएमा सोही कार्यक्रमहरू मात्र प्रसारण गर्नु पर्नेछ ।

झ) कार्यक्रम प्रसारण गर्ने प्रसारण संस्था वा व्यक्तिले कार्यक्रम प्रसारणको आरम्भ, बीच र अन्त्यमा आफ्नो परिचय (कल साइन) दिनु पर्नेछ ।

ञ) प्रचलित ऐन कानूनको पूर्णरुपमा परिपालना गर्नु पर्नेछ ।

<u>१७. प्रशारण गर्न नहुनेः</u> एफएम रेडियोहरुले देहाय बमोजिमको कुनै कार्यक्रम प्रसारण गर्न हुदैन ।

(क) नेपालको शान्ति, सुरक्षा र व्यवस्थामा खलल पर्न जाने ।

(ख) सर्वसाधारण जनताको सदाचार, नैतिकता र सामाजिक मर्यादामा आघात पर्न जाने ।

(ग) नेपालको सार्वभौमसत्ता र अखण्डतामा आँच पुर्‍याउने ।

(घ) विभिन्न जात, जाति, धर्म, वर्ण, क्षेत्र, सम्प्रदायका मानिसहरू बीच वैमनश्यता सिर्जना गर्ने वा सामाजिक दुर्भावना फैलाउने ।

(ङ) अदालतको अवहेलना हुने ।

(च) सामाजिक विकृति फैलाउने किसिमका अश्लिल सामग्रीहरू ।

(छ) कुनै व्यक्तिको नाम किटान गरी कसैको मान, मर्यादा वा प्रतिष्ठामा आघात पार्ने सामग्रीहरू ।

(ज) संविधान तथा प्रचलित कानूनको सीमाभित्र रही ..........सभाले प्रसारण गर्न नहुने भनी तोकिदिएका अन्य सामग्रीहरू ।

<u>१८. कार्यक्रम प्रशारण प्रारम्भ गर्नु पर्नेः</u>

(क) इजाजतपत्र प्राप्त व्यक्ति वा सङ्गठित संस्थाले इजाजतपत्र वा अनुमतिपत्र पाएको मितिले १२ महिनाभित्र आफ्नो प्रसारण प्रारम्भ गर्नु पर्नेछ ।

(ख) इजाजतपत्र प्राप्त कुनै व्यक्ति वा सङ्गठित संस्थाले खण्ड (क) बमोजिमको अवधिभित्र प्रसारण प्रारम्भ गर्न नसक्ने भएमा सोको आधार र कारण समेत खुलाई अवधि थपको लागि त्यस्तो अवधि भुक्तान हुनु अगावै सम्वन्धित स्थानीय तह समक्ष निवेदन दिनु पर्नेछ ।

(ग) खण्ड (ख) बमोजिम पर्न आएको निवेदन उपर आवश्यक जाँचबुझ गर्दा अवधि थप गर्न मनासिव देखेमा स्थानीय तहले ६ महिनासम्मको अवधि थप गर्न सक्नेछ ।

(घ) खण्ड (क) वा खण्ड (ग) बमोजिमको अवधिभित्र पनि प्रसारण प्रारम्भ नगर्ने व्यक्ति वा संस्थाको इजाजतपत्र स्वतः रद्द हुनेछ ।

**१९. विवरण संशोधन गर्न सक्नेः**

(क) कसैले इजाजतपत्रमा उल्लेखित कुनै विवरण बदल्न चाहेमा ....... सभाले तोके बमोजिम दस्तुर सहित अनुसूची–५ बमोजिमको ढाँचामा....... कार्यपालिकामा समक्ष निवेदन दिनु पर्नेछ ।

(ख) खण्ड (क) बमोजिम विवरण बदल्न दिएको निवेदनको व्यहोरा मुनासिब देखिएमा ......कार्यपालिकाले निवेदन बमोजिमको विवरण बदल्न सक्नेछ ।

**२०. इजाजतपत्रको प्रतिलिपीः**

(क) यस कानून बमोजिम प्राप्त इजाजतपत्र हराएमा, नासिएमा वा कुनै कारणवश च्यातिएमा वा नवीकरण गर्ने ठाँउ समाप्त भएमा इजाजतपत्र प्राप्त व्यक्ति वा संस्थाले सो को प्रतिलिपी माग गर्न सक्नेछ ।

(ख) कसैले खण्ड (क) बमोजिम प्रतिलिपी माग गरेमा गाउँपालिका/नगरपालिकाले पाँच सय रुपैयाँ दस्तुर लिइ प्रतिलिपी दिनुपर्नेछ ।

**२१. विवरण वदल्न सक्नेः**

(क) कसैले इजाजतपत्रमा उल्लेखित विवरण (नाम,थर र सम्पर्क ठेगाना) बदल्न चाहेमा ....... सभाले तोके बमोजिम पाँच सय दस्तुर सहित अनुसूची–३ बमोजिमको ढाँचामा....... कार्यपालिकामा समक्ष निवेदन दिनु पर्नेछ ।

(ख) खण्ड (क) बमोजिम विवरण बदल्न दिएको निवेदनको व्यहोरा मुनासिब देखिएमा ......कार्यपालिकाले निवेदन बमोजिमको विवरण बदल्न सक्नेछ ।

**२२. नियमन गर्न सक्नेः**

(क) इजाजतपत्रमा उल्लेखित शर्तहरू बमोजिम कार्यक्रम प्रसारण गरे वा नगरेको सम्बन्धमा एफ.एम रेडियो समन्वय तथा अनुगमन समितिले वा तोकिएको अधिकारीले प्रसारण सम्बन्धी संस्थाको निरीक्षण तथा छानविन गर्न गराउन सक्नेछ । साथै निरीक्षण तथा छानविन गर्दा शर्त बमोजिम कार्यक्रम प्रसारण नगरेको पाइएमा इजाजतपत्रमा उल्लेखित शर्तहरू बमोजिम कार्यक्रम प्रसारण गर्न एफ.एम रेडियो समन्वय

तथा अनुगमन समितिले वा तोकिएको अधिकारीले एक पटकको लागि बढीमा एक महिना समय उपलब्ध गराउन सक्नेछ ।

(ख) खण्ड (क) बमोजिम निरीक्षण तथा छानवीन गर्दा शर्त बमोजिम कार्यक्रम प्रसारण नगरेको र मौका दिंदा पनि शर्त बमोजिम काम नगरेको भन्ने पुनः गरिएको निरीक्षण तथा छानवीनबाट देखिएमा वा समितिले कसैले कार्यविधि बमोजिम इजाजतपत्र नलिई अनधिकृत रूपमा कुनै कार्यक्रम प्रसारण गरेको देखेमा त्यस्तो एफ.एम रेडियो तत्काल बन्द गर्न सक्नेछ । तर बन्द गर्नु अगाडि सफाईको मनासिव मौका दिनु पर्नेछ ।

**२३. दण्ड जरीवानाः**

(क) यस कार्यविधिमा उल्लेखित व्यवस्थाहरु विपरित कार्य गर्नेलाई कार्यपालिकाले एफ. एम. रेडियो समन्वय तथा अनुगमन समितिको सिफारिशमा दश हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(ख) इजाजतपत्र नविकरण नगराई स्वतः रद्द भएमा नविकरण दस्तुर र प्रसारण तथा वितरण शुल्क र सोको शतप्रतिशत बुझाई फरफारक गर्नुपर्नेछ । तत् पश्चात नयाँ इजाजतपत्र लिनको लागि दफा ५ बमोजिमको प्रक्रिया पुरा गरी अनुसूची - १ बमोजिमको ढाँचामा सम्बन्धित स्थानीय तह समक्ष निवेदन दिनुपर्नेछ ।

(ग) खण्ड (क) र (ख) बमोजिम जरिवाना गर्नुपूर्व त्यस्तो एफ. एम. रेडियो सञ्चालकलाई आफ्नो भनाइ राख्ने मनासिव मौका दिनुपर्नेछ ।

**२४. पुनरावेदनः** कार्यपालिकाले दफा २३ बमोजिम गरेको जरिवाना उपर चित्त नबुझ्ने पक्षले सो निर्णय भएको ३५ दिनभित्र न्यायिक समितिमा पुनरावेदन गर्न सक्नेछ ।

**२५. अनूसुचीमा हेरफेर तथा थपघट गर्न सक्नेः**

कार्यविधिको अनूसुचीमा हेरफेर तथा थपघट गन गर्नु पर्ने भएमा स्थानीय तह एफ.एम रेडियो समन्वय तथा अनुगमन समितिको सिफारिशमा .........सभाले गर्नेछ ।

**२६. कार्यविधिको व्याख्या तथा संशोधन**

कार्यविधिको संशोधन गर्नु पर्ने भएमा स्थानीय तह एफ.एम रेडियो समन्वय तथा अनुगमन समितिको सिफारिशमा कार्यपालिकाले .........सभामा पेश गरी संशोधन गर्नुपर्ने छ ।

अनुसूचि –१

स्थानीय तहको सरकारबाट सम्पादन हुने एफ.एम. रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०७५ को दफा ५ को खण्ड (क) सँग सम्वन्धित स्थानीय तहमा एफ. एम. रेडियो इजाजतपत्रका स्वीकृतीका लागि दिइने निवेदन

श्री ............................

एफ.एम रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०७५ को दफा ५ को खण्ड (क) बमोजिम एफ.एम. रेडियो सञ्चालन गर्ने इजाजतपत्र पाउनको लागि देहायका विवरणहरू खुलाई यो निवेदन गरेको छु/छौं ।

१. निवेदकको,

(क) स्थायी ठेगाना –
जिल्लाः–
.............पालिका कार्यालय
वडा नं.–
गाउँ । टोलः–
फोन नं.–
घर नं.–
फ्याक्स नः–
नागरिकता लिएको जिल्लाः-
इमेल ठेगानाः–
नागरिकता नं र नागरिकता लिएको मितिः–

(ख) अस्थायी ठेगाना –
जिल्लाः–
.............पालिका कार्यालय
वडा नं.–
गाउँ । टोलः–
फोन नं.–
घर नं.–
फ्याक्स नं–

२. संस्था वा व्यक्तिको
(क) नामः-
(ख) आर्थिक स्थिति (स्थिर तथा चालु पूँजी)-
(ग) अनुभवः–
(घ) प्राविधिक दक्षताः–

३. प्रसारण गरिने स्थानः–
४. प्रसारण हुने क्षेत्रः–
५. प्रसारण शुरु हुने मितिः–
६. प्रसारणको माध्यमः–
७. प्रसारणको क्षमताः–
८. प्रसारण गर्दा प्रयोग गरिने फ्रिक्वेन्सी र च्यानेलः–
९. प्रसारण गर्दा प्रयोग गरिने उपकरणहरूः–
१०. प्रसारण सम्बन्धमा उपभोक्ता तथा अन्य व्यक्ति वा निकायसंग गरिएको सम्झौताः–
११. प्रसारणमा प्रयोग हुने भाषाः–
१२. प्रसारणको समयावधिः–
१३. प्रसारण गरिने कार्यक्रमहरूः–

माथि लेखिएको व्यहोरा ठीक साँचो छ, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदककोः–
सहीः–
नामः–
मितिः–

## अनुसूचि – २

एफ.एम. रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०७५ को दफा ५ को खण्ड (ख) सँग सम्वन्धित
स्थानीय तहमा एफ. एम. रेडियो इजाजतपत्र

इजाजतपत्र नं.–

१. इजाजतपत्र पाउने व्यक्ति वा संस्थाको नामः–

२. ठेगानाः–

(क) स्थायी ठेगाना –
जिल्लाः–
नगरपालिका/गाउँपालिका
वडा नं.–
गाउँ/ टोलः–
फोन नं.–

(ख) अस्थायी ठेगाना –
जिल्लाः–
नगरपालिका/गाउँपालिका
वडा नं.–
गाउँ/टोलः–
फोन नं.–

३. प्रसारण संस्था वा व्यक्तिको नामः–

४. प्रसारणको माध्यमः–

५. प्रसारणको क्षमताः-

६. प्रसारण गर्दा प्रयोग गरिने

(क) फ्रिक्वेन्सीः–
(ख) बैण्डः–
(ग) च्यानेलः–
(घ) ट्रान्समिटरः–
(ङ) एण्टेनाः–

७. प्रसारण प्रणाली स्थापना हुने ठाउँ र प्रसारण केन्द्रः–

८. प्रसारण हुने क्षेत्र र जनसंख्याः–

९. प्रसारण शुरु हुने मितिः–

१०. प्रसारणमा प्रयोग हुने भाषाः–

११. प्रसारणको समय र समयावधिः–

१२. प्रसारण गरिने कार्यक्रमहरूः–

१३. इजाजतपत्र बहाल रहने मितिः–

१४. अन्य शर्तहरूः–

(क)
(ख)
(ग)

कार्यालयको छाप

इजाजतपत्र दिने अधिकारीकोः–
सहीः-
मितिः–
नामः–
दर्जाः–
कार्यालयः–

नवीकरणको विवरण

| आर्थिक वर्ष | नवीकरण दस्तुर तथा अन्य विवरण | नवीकरण मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|
| | | | |

अनुसूचि – ३

एफ.एम. रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०७५ को दफा ८ सँग सम्वन्धित
स्थानीय तहमा एफ. एम. रेडियो इजाजतपत्रका नवीकरणको लागि दिइने निवेदन

श्री ............................

मैले/हामीले मिति .................मा प्राप्त गरेको इजाजतपत्र नं...... आ.व.........................को लागि नवीकरण गरिदिन नवीकरण दस्तुर समेत बुझाई (भौचर नं.....) श्रीमान् समक्ष (आवश्यक कागजात संलग्न गरी) अनुरोध गर्दछु/गर्दछौ ।

निवेदक
.................
नामः-
पदः-
प्रसारण संस्थाको नामः-
ठेगानाः-
फोन नं.
इमेलः-

संलग्नः

१) निवेदन
२) सक्कल ईजाजतपत्र
३) भौचर/रसिद

अनुसूची– ४

एफ.एम. रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०७५ को दफा ७ सँग सम्वन्धित

स्याटेलाइट रिसिभिङ्ग सिष्टम/स्याटेलाइट कम्यूनिकेशन सिष्टम (अर्थ स्टेशन) को लाइसेन्सको लागि दिइने दरखास्तः

श्री ................

स्याटेलाइट रिसिभिङ्ग सिष्टम राख्न तथा प्रयोग गर्नको लागि देहायका विवरणहरू खुलाई प्रोफर्मा इन्भ्वाइस र टेक्निकल स्पेशिफिकेशनको प्रतिलिपि समेत संलग्न गरी स्याटेलाइट रिसिभिङ्ग सिष्टमको लाइसेन्स पाउनको लागि अनुरोध गर्दछु ।

१. प्रयोग गर्नु पर्ने उद्देश्य र कारणः–

२. प्रयोग गर्न चाहेको सिष्टमको विवरणः–

(क) निर्माताको नामः–

(ख) मोडेल नं.–

(ग) सिरियल नं.–

(घ) साइज र अन्य विवरणः–

(ङ) एण्टेना सम्बन्धी विवरणः–

३. प्रयोग गरिने ठाँउः–

४. आर. एफ. फ्रिक्वेन्सी रेन्ज/प्रयोग गर्ने फ्रिक्वेन्सीः–

५. कुन स्याटेलाइटको माध्यमबाट के कस्तो सञ्चार आदान प्रदान गर्ने होः–

६. प्रयोग भइरहेको भए कुन मितिदेखि प्रयोग भइरहेको होः–

७. प्रयोगः–

(क) व्यक्तिगतः–

(ख) सामुहिकः–

८. सामुहिक रूपमा प्रयोग गरिने भए प्रयोगकर्ताहरूको नाम र अन्य विवरण (नाम यसैसाथ संलग्न गरेको हुनुपर्ने)

९. घर बहालमा लिई रेडियो यन्त्र राख्ने वा प्रयोग गर्ने भए घर धनीको स्वीकृति भए नभएकोः–

(घर धनीको स्वीकृति पत्र यसैसाथ संलग्न गर्नु पर्ने)

१०. आयात गरिने देशको नामः–

११. आयात हुने भन्सार कार्यालयको नामः–

दरखास्तवालाको

सहीः–

नामः–

ठेगानाः–

मितिः–

अनुसुचि – ५

एफ.एम. रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०७५ को दफा ७ सँग सम्वन्धित
एफ. एम. ट्रान्समिटर र STL Link को लाईसेन्सको लागि दरखास्त

श्री....................,

देहायका रेडियो यन्त्र राख्न तथा प्रयोग गर्नको लागि देहायका विवरणहरू खुलाई प्रोफर्मा इन्भ्वाइस र टेक्निकल स्पेसिफिकेशनको प्रतिलिपि समेत संलग्न गरी रेडियो यन्त्रको लाइसेन्स पाउनको लागि अनुरोध गर्दछु ।

१. रेडियो यन्त्र प्रयोग गर्नाको उद्देश्य एवं कारणः–
२. प्रयोग गर्ने स्थानः–
३. प्रयोग गरिने फ्रिक्वेन्सीः–
४. प्रयोग गर्ने अनुमानित मितिः–
५. रेडियो यन्त्रको विवरणः–
 (क) निर्माताः–
 (ख) मोडेल नं.–
 (ग) सिरियल नं. आदिः–
६. स्टेशनको प्रकारः–
७. प्रयोग गरिने प्रणालीको प्रकारः–
८. प्रयोग गरिने समयः–
९. अन्य विवरणः–
(क)
(ख)
(ग)

दरखास्तवालाको
सहीः–
नामः–
ठेगानाः–
मितिः–

अनुसूची – ६

एफ.एम. रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०७५ को दफा ७ सँग सम्वन्धित
स्याटेलाइट रिसिभिङ्ग सिष्टमको लाइसेन्सको नमूना

देहायका व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई निम्न लिखित शर्तहरू पालन गर्ने गरी निम्न विवरणको स्याटेलाइट रिसिभिङ्ग सिष्टम (अर्थ स्टेशन) राख्न तथा प्रयोग गर्न पाउने गरी यो लाइसेन्स दिइएको छ ।

१. व्यक्ति, फर्म, कम्पनी वा संस्थाको नामः–
२. ठेगानाः–
३. लाइसेन्स नं.–
४. जडान हुने स्थानः–
५. अर्थ स्टेशन स्याटेलाइट सिष्टमको विवरणः–
    (क) निर्माताको नामः–
    (ख) मोडेल नं.–
    (ग) साइज र अन्य विवरणः–
    (घ) एण्टेनाको विवरणः–
६. इनपुट फ्रिक्वेन्सी रेन्ज । प्रयोग गरिने फ्रिक्वेन्सीः–
७. कुन स्याटेलाइटको माध्यमबाट कस्तो सञ्चार आदान–प्रदान गर्नेः–
८. प्रयोगः–
    (क) व्यक्तिगतः–
    (ख) सामूहिकः–
९. सामूहिक रूपमा प्रयोग गरिने भए जोडिने लाइन संख्या र व्यक्तिहरूको नामः–
१०. लाइसेन्सवालाले पालन गर्नु पर्ने शर्तहरूः–
    (क) सार्वजनिक सडक, बिजुली, सार्वजनिक सञ्चारलाई असर पार्न नपाउने गरी निजी घर कम्पाउण्डभित्र मात्र वितरण गर्नु पर्नेछ ।
    (ख) आम जनताको लागि प्रसारण भएको प्राप्त प्रसारण सामाग्री बाहेक अन्य कुनै प्रकारको प्रसारण सामाग्रीहरू वितरण वा प्रसारण गर्न पाइने छैन ।
    (ग) मुनाफा वा शुल्क आदि लिई फाइदा लिन वा व्यापारिक प्रयोग गर्न पाइने छैन ।

कार्यालयको छाप लाइसेन्स दिने अधिकारीको
सहीः–
नामः–
दर्जाः–
मितिः–

नवीकरणको विवरण

| आर्थिक वर्ष | नवीकरण दस्तुर तथा अन्य विवरण | नवीकरण मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|
| | | | |

अनुसूची – ७

एफ.एम. रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०७५ को दफा ७ सँग सम्वन्धित
एफ.एम. ट्रान्समिटर र STL Link राख्न तथा प्रयोग गर्नको लागि लाइसेन्स

देहायका व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई निम्न लिखित शर्तहरू पालन गर्ने गरी निम्न विवरणको रेडियो यन्त्र राख्न तथा प्रयोग गर्न पाउने गरी यो लाइसेन्स दिइएको छ ।

१. व्यक्ति, फर्म, कम्पनी वा संस्थाको नामः–
२. ठेगानाः–
३. लाइसेन्स नं.–
४. प्रयोग गरिने स्थानः–
५. प्रयोगको उद्देश्यः–
६. प्रयोग गर्ने स्थानः–
७. प्रयोग गरिने फ्रिक्वेन्सीः–
८. रेडियो यन्त्रको विवरणः–
    (क)
    (ख)
    (ग)
    (घ)
९. प्रयोग गर्ने मितिः–
१०. स्टेशनको प्रकारः–
११. प्रयोग गरिने प्रणालीः–
१२. प्रयोग गरिने समयः–
१३. लाइसेन्सवालाले पालन गर्नु पर्ने शर्तहरूः–
    (क)
    (ख)
    (ग)

कार्यालयको छापः–

लाइसेन्स दिने अधिकारीको
सहीः–
नामः–
दर्जाः–
मितिः–

नवीकरणको विवरण

| आर्थिक वर्ष | नवीकरण दस्तुर तथा अन्य विवरण | नवीकरण मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
| --- | --- | --- | --- |
| | | | |

अनुसूची– ८

एफ.एम. रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०७५ को दफा २१ सँग सम्वन्धित स्थानीय तहमा एफ. एम. रेडियो इजाजतपत्रको विवरण बदल्न दिईने निवेदनको ढाँचा

श्री ............................

मैले/हामीले मिति ..................मा प्राप्त गरेको इजाजतपत्र नं. ..... मा देहाय बमोजिमको विवरण वदल्न चाहेकोले संलग्न अनुसारको कागजातहरु सहित श्री...................समक्ष अनुरोध अनुरोध गर्दछु/गर्दछौं ।

निवेदक

.................

बदल्न चाहेको विवरण

(क)

(ख)

(ग)

संलग्न

१) निवेदन

२) सक्कल ईजाजतपत्र

३) भौचर/रसिद

## अनुसूची - ९ (क)

### एफ.एम. रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०७५ को दफा ६ सँग सम्बन्धीत निवेदन दस्तुर

एफ.एम. प्रसारण प्रणाली स्थापना गरी कार्यक्रम प्रसारण गर्नको लागि रु. २,०००।

## अनुसूची - ९ (ख)

### एफ.एम. रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०७५ को दफा ७ सँग सम्बन्धीत इजाजतपत्र दस्तुर

एफ.एम. प्रसारण प्रणाली स्थापना गरी कार्यक्रम प्रसारण गर्नको लागि

| | | |
|---|---|---|
| (क) | २० वाटसम्मको लागि | रु. १,०००। |
| (ख) | २० वाटभन्दा माथि ५० वाटसम्मको लागि | रु. २,०००। |
| (ग) | ५० वाटभन्दा माथि १०० वाटसम्मको लागि | रु. २०,०००। |